नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.......................................................................शाखा)

फोन नं. ४२६२५४०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति २०७७/१०/१४..........

विषय :-

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूबाट आज मिति २०७७ माघ १४ गते कोभिड-१९को खोप अभियानको शुभारम्भ गर्नु भएकोछ। उक्त अवसरमा सम्माननीय राष्ट्रपतिज्युका तर्फबाट यस अभियानका लागि शुभकामना सन्देश समेत प्राप्त भएकोछ। राष्ट्रपतिज्यूले आफ्नो सन्देशमा खोपको न्यायोचित वितरण र समुचित मूल्यमा उपलब्ध हुनु पर्नेमा जोड दिनुका साथै, खोप अभियान सफल पार्नका लागि जनप्रतिनिध, समाजसेवा, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी लगायत समाजका सबै क्षेत्रको सहभागिताका लागि आव्हान गर्नु भएकोछ।

आज देखि शुरू यस अभियान अन्तर्गत देशभरीका ३०० खोप केन्द्रहरू मार्फत स्वास्थ्यकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक लगायत अंगपंक्तिमा खटिने सेवा प्रदायकहरूलाई आगामी १० दिन भित्र करीब ४ लाख ३० हजार व्यक्तिहरूलाई खोप लगाउने लक्ष्य राखिएकोछ।

आज दिउँसो १ बजे सम्म प्रदेश नं. १ मा १२७ प्रदेश नं. २ मा ५४० बागमतीमा १००२ गण्डकीमा ३०६ लुम्बिनीमा २२३ कर्णालीमा ३९८ र सुदूरपश्चिममा ३०५ ले अहिले सम्म २९०१ व्यक्तिहरूले खोप प्राप्त गरि सकेका छन्। हालसम्म कुनै पनि अवाञ्छित घटना भएको तथ्यांक प्राप्त भएको छैन्।

खोप कार्यक्रममा सबै खोप केन्द्रहरूमा उत्साहजनक सहभागिताले खोप प्रतिको विश्वास र यस अभियानको सफलता स्पष्ट दर्शाएको छ।

(डा. जागेश्वर गौतम)
प्रवक्ता